**सिफारिस- पत्र ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र भैरव प्रसाद सापकोटाले **प्राथमिक विद्यालयमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापन** शीर्षकमा प्रस्तुत गरेको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । मैले निर्दिष्ट गरेको शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

........................

**शि.स. भोजराज घिमिरे**
**शोधनिर्देशक**
**सुकुना वहुमुखी क्याम्पस**
**इन्द्रपुर ,मोरङ्ग**

**मिति :-** २०६७/०६/........

**स्वीकृति - पत्र ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र भैरव प्रसाद सापकोटाले **प्राथमिक विद्यालयमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापन** शीर्षकमा प्रस्तुत यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | उपप्राध्यापक लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २ | शि.स. भोजराज घिमिरे | शोधनिर्देशक | |
| ३ | सहायक प्राध्यापक केशवराज भट्टराई | सदस्य, शोधसमिति | |
| ४ | प्राध्यापक डा.बासुदेव काफ्ले | बाह्य परीक्षक | |

**मिति :-** २०६७/०६/........

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा शोध निर्देशक **भोजराज घिमिरेलाई** पाउनु मैले अहो भाग्य ठानेको छु । जसले मलाई शोधपत्र लेखनको प्रारम्भ देखि अन्त्य सम्म विभिन्न माध्यम बाट सामग्री मात्र उपलब्ध गराउनु भएन प्रत्यक्ष भेटघाट र फोन सम्पर्क बाट समेत सल्लाह, सुझाव र निर्देशन समेत पुऱ्याउनु भएको सहयोग मेरा लागि अविस्मरणिय रहने छ यसका लागि म वहाँलाई हार्दिकताकासाथ कृतज्ञाताज्ञापन गर्दछु ।

शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनालाई विभागीय स्वीकृती प्रदान गरी अनुसन्धानको मार्ग प्रसस्त गर्न सहयोग गरि दिनुहुने विभागिय प्रमुख लक्ष्मिकुमार श्रेष्ठ ज्यू प्रति कृतज्ञाता प्रकट गर्दछु ।

यसै क्रममा कखरा देखि यो तह सम्म पुऱ्याउनु हुने पुजनीय माता पिताका चरणकमलमा श्रेय टत्रयाउँछु । मलाई हौसला प्रदान गर्दै प्रगती पथमा अगाडी वढ्न प्रेरण प्रदान गर्नुहुने आदरणिय दाजुहरु शम्भुप्रसाद भट्टराई र दिपक भट्टराई तथा भाई मणिराम भट्टराईलाई स्मरण गर्न चाहन्छु । पारिवारिक जिम्मेवारी वहन गरी मेरो अध्ययनको पूर्णताका लागि मार्ग प्रसस्त गर्ने मेरी जीवन संगीनि मन्दिरा भट्टराई र छोराहरु निश्चल र निर्मल भट्टराई प्रति ऋृणी भएको महसुस गरेको छु । त्यसैगरी मलाई आवश्यक सहयोग प्रदान गर्नुहुने कर्म माता पिता र भाई वहिनीहरु प्रति समेत ऋृणी छु ।

अध्ययन कार्यमा साथीहरु केदार प्रसाद खनाल, श्री सरस्वती मा.वि. इटहरी ३ बौका झोडा सुनसरीका प्रधानाध्यापक श्री लेखनाथ भट्टराई लगायत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको सहयोगलाई मित्रताको फराकिलो वन्धनको रुपमा लिएको छु ।

अन्त्यमा कतिपनि झन्झट नमानी शोधपत्र टाइपिङ गरी सहयोग गर्ने मेरा झोलीका देवता सरोज निरौलालाई धन्यवाद दिन चाहन्छु ।

चेतनाथ भट्टराइ

असोज , २०६७

# शोधसार

विद्यालयको शिक्षा गुणस्तरीय हुनका लागि अन्य तत्वका अलावा विशेष रुपमा विद्यालयको आन्तरिक दक्षता पनि राम्रो हुनु पर्दछ । त्यसैले विद्यालयको स्तर वृद्धि र विकासका लागि लआन्तरिक दक्षताको अध्ययन गर्न आवस्यक ठानी यो शोधकार्य गरिइको हो जसको मुख्य उद्देश्य विद्यालयको आन्तरिक दक्षताको अवस्था संवन्धि अध्ययन गर्नु , त्यसको लेखाजोखा गर्नु र आन्तरिक दक्षता व्यवस्थापन सम्वन्धि देखिएका कठिनाईहरु पत्ता लगाई समाधानका उपाया खोजि गर्नु रहेको छ ।

यस शोधकार्य सुविधाजनक नमुना छनौट विधिका आधारमा छनोटमा परेका सुनसरी जिललाको इटहरी स्रोत केन्द्र भित्र पर्ने पाँच वटा सामुदायिक विद्यालयमा सिमित छ साथै यस अध्ययनमा सहभागिहरुको छनोट उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा गरिएको छ । तथ्याङ्कतथा सूचना संकलनको लागि प्रश्नावली, अन्तरवार्ता, अवलोकन तथा सर्वेक्षण फारम जस्ता साधनहरुलाई प्रयोगमा ल्याइएको छ । यस शोधकार्यका लागि विभिन्न शिक्षा आयोगका प्रतिवेदन, शिक्षा सम्वन्धि पुस्तक, सन्दर्भ सामग्रीहरु, पत्रपत्रिका हरुलाई सम्वन्धित साहित्यको रुपमा र पूर्व साहित्यको रुपमा पुनरावलोकन गरिएको छ ।

विद्यालयको आन्तरिक दक्षता थाहापाउन तीन वर्षको आँकडा हेरिएको थियो । यसरी प्राप्त सूचनाका आधारमा विगत तीन वर्षको स्थितिलाई हेर्दा नयाँ भर्ना प्रा.वि. तहमा औषत ३४.६ प्रतिशत, नि.मा.वि. तहमा औषत २६.३ प्रतिशत र मा.वि. तहमा औषत १८.४ प्रतिशत रहेको देखिन्छ । यी तीन तहको विगत तीन वर्षको औषत नयाँ भर्ना दर २७.३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी औषत विद्यार्थी उत्तीर्ण प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ९०.७, ८३, ८८.९ प्रतिशत भएको पाइन्छ । त्यसैगरी कक्षा छाड्ने विद्यार्थी संख्या औषतमा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ६.९३, ४.४३ र ६.२ प्रतिशत रहेको देखिन्छ । समग्रमा कक्षा छाड्ने दर ७.३ प्रतिशत हुन आउछ । त्यसैगरी कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा औषत क्रमशः ८,१६ र ७ प्रतिशत रहेको देखिन्छ। समग्रमा कक्षा दोहोऱ्याउने दर १०.५ प्रतिशत रहेको देखिन्छ ।

विद्यालयको प्रवेशीका परीक्षा परिणम  विवरण सम्वन्धि विगत तीन वर्षको स्थितिलाई अध्ययन गर्दा परीक्षामा सहभागि विद्यार्थी संख्या ६०.२ प्रतिशत औषत उत्तीर्ण दर देखिन्छ । विद्यार्थी शिक्षक अनुपातको स्थितिलाई हेर्दा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः १:२४, १:४० , १:२४ र  औषतमा १:२८ रहेको छ । त्यसैगरी तहगत शिक्षकको

उपस्थिति दरको अध्ययन गर्दा औषत उपस्थिति दर प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ९५.४५, ९६.१२ ९५.२ प्रतिशत तथा समग्रमा ९५.४९ प्रतिशत रहेको देखिन्छ ।

विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनका कठिनाइहरुको अध्ययन गर्दा न्यून तथा कमजोर आर्थिक स्थिति भएका , दलित , सुकुम्वासि, किसान तथा शिक्षा प्रति कम चेतना भएका परिवारका वालवालिकाहरु वढि हुनु, विद्यालयहरु आर्थिक तथा भौतिक रुपमा सम्पन्न नहुनुलाई मान्न सकिन्छ भने अर्कातिर स्थानीय विशेष गरी आर्थिक रुपमा सम्पन्न एवम् शिक्षित वर्गका अभिभावकहरु सामुदायिक विद्यालयतिर प्रत्यक्ष वा परोक्ष रुपमा आकर्षित नहुनु तथा अध्ययन गरिएका अधिकांश विद्यालयका शिक्षक तथा कर्मचारीले आफ्ना छोराछोरी लाई समेत सोही विद्यालयहरुमा नपढाई सस्थागत विद्यालयमा पढाउनुलाई यसको ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ ।

यी समस्याहरुको समाधान गर्न निशुल्क शिक्षा तथा विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, विद्यालयलाई आर्थिक तथा भौतिक रुपले सम्पन्न वनाउन समुदाय तथा अभिभावकको संलग्नता बढाउनु पर्ने, विद्यालयलाई राजनैतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्ने तथा सरोकारवालाहरुले नियमित निरीक्षण तथा अनुगमन गरी आवश्यक राय सुझाव दिई शिक्षकहरुमा विद्यालय हाम्रो हो, यो रहेमा नै हाम्रो पेशागत हित सुरक्षित हुन्छ , समाज विकसित हुन्छ र सम्पूर्ण देश विकासमा टेवा पुग्छ भन्ने भावनाको विकास गराउनु पर्ने कुरालाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

## संक्षिप्त शव्दावली

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विधलय |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.आ. | : | राष्ट्रिय शिक्ष आयोग |
| शै.ज.वि.के. | : | शैक्षिक जनशक्ति विकास केन्द्र |
| शि.अ. सं. | : | शिक्षक अभिभावक संघ |
| CERID | : | Reserch Centre for Educational Innovation & Development |